annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ३३, पृष्ठ ८ | काठमाडौं, मंगलबार १९ जेठ २०८३ | ज्येष्ठ कृष्णपक्ष द्वितीया, नेपाल संवत् ११४६ | TUESDAY, JUNE 2, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार


# मौलिक हक उपभोग गर्न पनि राज्यलाई ‘प्रगतिशील’ कर !

सरकारले मौलिक हकका रूपमा प्रत्याभूत शिक्षा र स्वास्थ्यसेवा गुणस्तरीय र सर्वसुलभ बनाउन नसकिरहेको बेला सेवाग्राहीमाथि थप कर लगाएको छ। राज्यले पहिले मौलिक हकको प्रभावकारी प्रत्याभूति दिने कि त्यही सेवामा अतिरिक्त शुल्क उठाउने भन्ने प्रश्न तेर्सिएको छ।

**दिनेश गौतम** | *काठमाडौं*

विस्तृत पृष्ठ २




## प्रधानन्यायाधीशको २१ बुँदे निर्देशन– ‘अनियमिततामा निर्मम हुनू’



**काठमाडौं** (अन्नपूर्ण): प्रधानन्यायाधीश डा. मनोजकुमार शर्माले अदालतमा हुन सक्ने विकृति, विसंगति र अनियमितताप्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्न मातहतका न्यायाधीशहरूलाई निर्देशन दिएका छन्।

सोमबार उच्च अदालतका मुख्यन्यायाधीश र जिल्ला अदालतका प्रमुख न्यायाधीशहरूलाई सम्बोधन गर्दै उनले बिचौलियाजन्य गतिविधि, अनुचित प्रभाव र आचरणविपरीतका कार्यमा कडा रूपमा प्रस्तुत हुन सचेत गराएका हुन्। गत जेठ ५ गते पदभार ग्रहण गरेपछि प्रधानन्यायाधीश डा. शर्माले मातहतका अदालतका नेतृत्वलाई पहिलो पटक सामूहिक निर्देशन दिएका हुन्। उनले अदालत प्रवेश, मुद्दा व्यवस्थापन, म्याद तामेली, पेसी, फैसला तयारी र कार्यान्वयनका प्रत्येक चरणमा सूक्ष्म निगरानी राख्न तथा अनियमितता पाइएमा तत्काल कारबाही गरी प्रतिवेदन पेस गर्न स्पष्ट पारेका छन्।

गत भदौमा भएको दुर्घटनाका कारण सूचना प्रविधिको सर्भर र देशभरका २३ वटा अदालतका भवन एवं उपकरणमा क्षति पुग्दा कार्यसम्पादनमा केही अवरोध आएको उल्लेख गर्दै प्रधानन्यायाधीश शर्माले पुरानो बक्यौता मुद्दा न्यूनीकरणलाई मुख्य प्राथमिकता दिएका छन्। जसअनुसार यस आर्थिक वर्षको अन्त्यसम्म दुई वर्ष नाघेका र २०८३ पुस मसान्तसम्म १८ महिना नाघेका मुद्दाहरू शून्यमा झार्ने लक्ष्य तोकिएको छ। विशेषगरी महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र हिंसापीडितका मुद्दामा शीघ्र र संवेदनशील न्याय प्रक्रिया अपनाउन भनिएको छ। साथै, संविधानले परिकल्पना गरेको क्षतिपूर्तिसहितको न्याय, अन्तरिम राहत र न्यायिक प्रक्रियामा सम्मानजनक व्यवहार सुनिश्चित गर्न उनले आग्रह गरे।

न्यायालयको गरिमा बढाउन न्यायाधीश तथा कर्मचारीको आचारसंहिता, ई-हाजिरी र अनुशासनलाई कडाइका साथ लागू गर्न लागिएको छ। अबदेखि मुकाम छोड्दा अनिवार्य बिदा स्वीकृत गराउन र अदालत परिसरको सुरक्षामा विशेष ध्यान दिनुपर्नेछ। प्रधानन्यायाधीशद्वारा जारी यो २१ बुँदे निर्देशनमा न्यायपालिकाको पाँचौं पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयन, पेशी तथा इजलास व्यवस्थापन, गुनासो सुनुवाइ र आलोचनालाई सुधारको अवसरका रूपमा लिई जनताले अनुभूति गर्ने गरी परिणाम दिने विषयहरू समेटिएका छन्।

प्रधानमन्त्रीको विवादित अभिव्यक्ति

## माफी नमागेसम्म संसद् चल्न नदिने विपक्षीको चेतावनी

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

प्रधानमन्त्री वालेन्द्र शाहले संसद्मा दिएको सीमासम्बन्धी अभिव्यक्तिलाई लिएर राजनीतिक वृत्त तातिएको छ। विपक्षी दलहरूले प्रधानमन्त्रीको उक्त भनाइप्रति कडा आपत्ति जनाउँदै सदनदेखि सडकसम्म आन्दोलन सुरु गरेका छन्। नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) लगायतका दलहरूले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै प्रधानमन्त्रीको अभिव्यक्तिको घोर भर्त्सना गरेका हुन्।

प्रधानमन्त्रीका रूपमा संसद्मा गरेको पहिलो सम्बोधनमै शाह विवादमा तानिएका हुन्। उनले जेठ १७ गते प्रतिनिधिसभामा भनेका थिए, ‘तपाईंहरूलाई एउटा कुरा अचम्म लाग्छ होला, मैले पनि अस्ति भर्खर प्रधानमन्त्री भइसकेपछि थाहा पाएँ– भारतले नेपालको मात्र होइन, नेपालले पनि भारतको जग्गा धेरै ठाउँमा मिचेको रहेछ।’



प्रमुख प्रतिपक्ष दल नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले नेपाल-भारत भूमि समस्याबारे प्रधानमन्त्रीको अभिव्यक्ति निन्दनीय र आपत्तिजनक रहेको बताएका छन्। रूपन्देहीमा आयोजित कार्यक्रममा बोल्दै थापाले नेपालको भौगोलिक अखण्डता र राष्ट्रिय सुरक्षासँग जोडिएको संवेदनशील विषयमा प्रधानमन्त्रीले गैरजिम्मेवार अभिव्यक्ति दिएको भन्दै संसद्मा माफी माग्नुपर्ने माग गरे।

कांग्रेस प्रवक्ता देवराज चालिसेद्वारा जारी विज्ञप्तिमा भनिएको छ, ‘लिम्पियाधुरा, लिपुलेक र कालापानीसहित ३७२ वर्ग किलोमिटर नेपाली भूमिमाथिको अतिक्रमणलाई सामान्य सीमा विवादसँग तुलना गरेर प्रधानमन्त्रीले नेपालको स्थापित राष्ट्रिय अडान कमजोर बनाउनुभएको छ।’ कांग्रेसले प्रधानमन्त्रीको दाबी सरकारको आधिकारिक धारणा हो कि व्यक्तिगत विचार, तत्काल संसद् र जनतासमक्ष स्पष्टीकरण दिन माग गरेको छ। साथै, सीमा समाधानमा बेलायत (ब्रिटिस इन्डिया)को प्रसंग जोड्नुलाई कांग्रेसले ‘हास्यास्पद र कूटनीतिक अपरिपक्वता’को संज्ञा दिएको छ।

» बाँकी पृष्ठ २

## रास्वपा सभापति लामिछाने भारतमा



**काठमाडौं** (अन्नपूर्ण): राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने सोमबार भारत प्रस्थान गरेका छन्। भारतको सत्तारूढ दल भारतीय जनता पार्टीका अध्यक्ष नीतिन नवीनको निमन्त्रणामा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै लामिछाने भारत गरेका हुन्। पाँचदिने भ्रमण टोलीमा लामिछानेसँगै उनकी श्रीमती निकिता पौडेल, पार्टीका सहमहामन्त्री एवम् प्रतिनिधिसभा सदस्य विपिनकुमार आचार्य, सचिवालय सदस्य एवम् प्रतिनिधिसभा सदस्य दीपकराज बोहरा र स्वकीय सचिव प्रदीप आचार्य छन्।

लामिछानेलाई दिल्ली विमानस्थलमा भाजपाका महासचिव अरुण सिंह र विदेश विभाग प्रमुख विजय चौथाइवालेले स्वागत गरेका थिए। मंगलबार बिहान लामिछानेले भाजपाको मुख्यालयमा भाजपाका अध्यक्ष नीतिन नवीनसँग भेटघाट गर्ने कार्यक्रम तय भएको छ। त्यस्तै, बुधबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने कार्यक्रम तय भएको छ।

लामिछानेले राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, भारतीय विदेशमन्त्री एस जयशंकरबीच पनि भेटवार्ता हुने बताइएको छ। लामिछानेले अयोध्या भ्रमण गर्न पनि कार्यतालिकासमेत रहेको छ। त्यस्तै भारतस्थित प्रवास नेपाली सम्पर्क मञ्चको कार्यक्रममा भेटघाट र अन्तरक्रिया गर्ने कार्यक्रम तय भएको छ। उनी भारत भ्रमण पूरा गरी जेठ २२ गते स्वदेश फर्कने जनाइएको छ।

# वैदेशिक रोजगारीको लोभमा नेपाली बेचिँदै




### भारतदेखि कम्बोडियासम्म स्क्याम र शोषणको जालो

**अजवी पौड्याल** | *काठमाडौं*

आकर्षक तलब र सहज कामको प्रलोभनमा परेर विदेश पुग्ने नेपालीहरू मानव बेचबिखन, अनलाइन स्क्याम, जबर्जस्ती श्रम तथा मानसिक र शारीरिक शोषणको सिकार बन्ने क्रम बढ्दो छ। पछिल्लो पटक भारतको उत्तर प्रदेशस्थित कुशीनगरमा बन्धक बनाइएका ४ सय ५३ नेपालीको उद्धार भएपछि वैदेशिक रोजगारीका नाममा फैलिएको अन्तरदेशीय ठगी सञ्जाल पुनः उजागर भएको छ। उत्तर प्रदेशको कुशीनगरमा बन्धक बनाइएका ती ४ सय ५३ जना नेपालीलाई उद्धार गरी यही शनिबार नेपाल फर्काइएको छ। उनीहरूलाई आर्थिक प्रलोभन देखाएर भारत पुर्याइएको र पछि शारीरिक तथा मानसिक यातना दिँदै जबर्जस्ती नेटवर्किङ व्यवसायमा लगाइएको थियो।

उद्धार गरिएकामध्ये १ सय १५ जना महिला र ३ सय ३८ जना पुरुष छन्। उनीहरूलाई विभिन्न भाडाका घरमा थुनेर अवैध गतिविधिमा संलग्न हुन बाध्य पारिएको थियो। उत्तर प्रदेश प्रहरी तथा सामाजिक संस्था ‘किन इन्डिया’को सहयोगमा नेपाली दूतावासले शुक्रबार राति उनीहरूको उद्धार गरेको हो। ‘किन इन्डिया’का निर्देशक नवीन जोशीका अनुसार रोजगारीको प्रलोभनमा पारेर भारत पुर्याई बन्धक बनाउने घटना यो पहिलो भने होइन। केही समयअघि भारतकै कश्मीरमा बन्धक बनाइएका ३५ जना नेपाली मजदुरको पनि उद्धार गरिएको थियो। आकर्षक तलब र सहज कामको आश्वासन दिएर नेपालीहरूलाई भारतका विभिन्न सहरमा पुर्याउने र अवैध नेटवर्किङ व्यवसायमा लगाउने गिरोह सक्रिय रहेको उनले बताए। यसरी नेपालीलाई ठगी गरी भारत पुर्याउने समूहमा भारतीय नागरिकको समेत संलग्नता देखिएको छ।

जोशीका अनुसार रोजगारीको खोजीमा रहेका युवाहरू सामाजिक सञ्जालमा आउने विज्ञापनकै भरमा भारत पुग्ने गरेका छन्। त्यहाँ पुगेपछि तालिम र सीप विकासका नाममा उनीहरूबाट रकम असुल्ने तथा नेपालमा रहेका आफन्त एवं साथीभाइसँग पैसा माग्न दबाब दिने गरिन्छ। यस्ता समूहको चंगुलमा परेका नेपालीहरूले आफ्नै चिनजानका अरू व्यक्तिलाई समेत त्यहाँ बोलाउने गरेका छन्। उनीहरूलाई अनलाइन ठगीमा समेत संलग्न गराइन्छ। आर्थिक तथा मानसिक शोषणका साथै न्यूनतम मानवीय सुविधासमेत नदिई उनीहरूलाई गैरकानुनी काम गर्न बाध्य बनाइन्छ। जोशीका अनुसार यसअघि कम्बोडियामा पनि सयौं नेपालीलाई अनलाइन स्क्याममा फसाइएको घटना सार्वजनिक भइसकेको छ।

» बाँकी पृष्ठ २